# आदर्श गाउँपालिका
## Aadarsh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

प.सं. : २०७९/०८०
च.नं. :

मौवा नगरदह डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९।०५।२०)

यस आदर्श गाउँपालिका गाउँकार्यपालिकाको निर्णयानुसार तपसिल बमोजिमका पदमा सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएको हुँदा निम्न लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा माग बमोजिमका कागज र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र. स. | वि.नं. | पद | तह/ श्रेणी | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | असिस्टेन्ट सब ईन्जिनियर | चौथो | ३ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा न्युनतम टि. एस.एल.सि. उपाधी प्राप्त भएको हुनुपर्ने |
| २ | ०२/२०७९/०८० | ना.प्रा.स(कृषि) | चौथो | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस एल सि वा सो सरह उत्तिर्ण गरि न्युनतम एक वर्षे जे.टि.ए.(कृषि विज्ञान) तालिम प्राप्त वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विषय लिई टि.एस.एल.सि. उत्तिर्ण भएको हुनुपर्ने । |
| ३ | ०३/२०७९/०८० | ना.प.से.प्रा.(पशु) | चौथो | ३ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल. सि.वा सो सरह उत्तिर्ण गरि न्युनतम एक वर्षे जे.टि.ए.(पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य विषयमा तालिम प्राप्त) वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु पालन, पशु स्वास्थ्य विषय लिई टि.एस.एल.सि.उत्तिर्ण भएको हुनुपर्ने । |
| ४ | ०४/२०७९/०८० | सहायक कम्प्युटर अपरेटर | चौथो | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल. सि.वा सो सरह उत्तिर्ण गरि कम्प्युटर विषयमा कम्तिमा ६ महिना तालिम प्राप्त गरेको हुनुपर्ने । |
| ५ | ०५/२०७९/०८० | अ.न.मी. | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरि काउन्सिल दर्ता भएको हुनुपर्ने । |
| ६ | ०६/२०७९/०८० | पाले | - | २ | कक्षा ८ उर्त्तिण गरेको(भु.पु प्रहरी, नेपाली सेनामा कार्यरतलाई विशेष प्राथमिकता दिईनेछ ।) |
| ७ | ०७/२०७९/०८० | स्वीपर | - | १ | साधारण लेखपढ |

१) दरखास्त दिने अवधी : मिति २०७९।०५।२० देखि २०७९।०६।०३ गते कार्यालय समयभित्र । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन अन्तिम दिन हुनेछ ।

२) दरखास्त दिने स्थान : आदर्श गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मौवानगरदह, डोटी ।

३) दरखास्त दस्तुर : रु.५०० (पाँच सय मात्र)

४) छनौट किसिम :

क) असिस्टेन्ट सब ईन्जिनियर, ना.प्रा.स(कृषि), ना.प.से.प्रा.(पशु) र अ.न.मी. पदको लागि लिखित र अन्तरवार्ता

ख) सहायक कम्प्युटर अपरेटर पदको लागि लिखित, प्रयोगात्मक र अन्तरवार्ता

ग) पाले र स्वीपर पदको लागि अन्तरवार्ता

५) काम गर्नुपर्ने स्थान : गाउँपालिकाले खटाएको स्थानमा ।

६) योग्यता र अनुभव :

क) नेपाली नागरिक ख) १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।(महिला उम्मेदवारको हकमा ४० वर्ष, पाले र स्वीपरको हकमा मात्र ४५ वर्ष ननाघेको)

ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) अन्य कुनै कानूनद्वारा अयोग्य नठहरिएको ।

७) दरखास्त दिंदा संलग्न गर्नुपने कागजातहरु :

क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु(लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र) को प्रमाणित प्रतिलिपि

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ग) ३ प्रति पासपोर्ट साइजको फाटो

घ) लोकसेवा आयोगले निर्धारण गरेको फर्मेटमा आवेदन भरि पेश गर्नु पर्नेछ ।

ङ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात ।

८) सेवा सुविधा : गाउँ कार्यपालिकाको निर्णयानुसार ।

९) म्याद नाघी आएका वा रीत पूर्वक नआएका आवेदन उपर कुनै कारवाही हुनेछैन ।

१०) आवेदनको ढाँचा र अन्य जानकारी कार्यालयमा उपलब्ध हुनेछ ।

११) सिभिल बैंक आदर्श शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक रावश्व खाता नं. ०७७१०२४२२१७०७५ मा दस्तुर जम्मा गरेको बैंक रसिद वा यस कार्यालयको राजश्व शाखामा दस्तुर बुझाएको सक्कलै प्रति ।

..................
सुरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत